

# स्याटलाइट सिटी बन्दै
# उपत्यकामा ४ नयाँ शहर



सुरेश तामाङ

स्थानीय तहलगायतका चुनावताका सबै पार्टीको घोषणापत्रमा र प्रत्येक पटकको भाषणमा प्रत्येक नेताका स्मार्ट सिटी बनाउने मीठा भाषण सुनिए। स्मार्ट सिटी हुन आवश्यक पूर्वाधारबिनै यसरी नेताले हचुवाको भरमा सुनाउँदै हिँडे।

सानो गल्ली, खचाखच बस्ती असरल्ल परेका तार, ढल फुटेकोलगायत दृश्य देख्न सकिने उपत्यकामा स्मार्ट सिटीको सपना देखाउनु त ठीकै हो तर ठोस योजनाबिनै यसरी चुनावताका मात्रै चर्को भाषण गरेर स्मार्ट सिटीलाई चुनावी एजेन्डा बनाउँदै नेताले भोट पाउने हतियार बनाएका छन्।

स्मार्टसिटीलाई चुनावी हतियार बनाउँदै जिते पनि। कोही सांसद बने। कोही मेयर बने। तर यसको लागि काम भने वरको सिन्को पर सरेको छैन। चुनावताका घाँटी सुक्ने गरी स्मार्ट सिटी बनाउँछु भन्दै हिँड्ने नेताले जितेर सिन्को नभाँचे पनि सरकारको विभिन्न निकायले भने नेताले चुनावमा भाषण गर्दै हिँड्नुअघि नै काठमाडौंका ४ स्थानमा स्मार्ट सिटी नभए पनि स्याटेलाइट सिटीको अवधारणाअनुसार नयाँ शहर बन्दैछ।

काठमाडौं उपत्यकामा बढ्दो शहरी चापलाई मध्यनजर गर्दै छरिएर रहेको बस्तीलाई एकीकृत गर्ने सोचका साथ काठमाडौं उपत्यका विकास प्राधिकरणले उपत्यकाको १० प्रतिशत भूभागमा नयाँ शहर बनाउने कार्यको थालनी भइसकेको छ।

प्राधिकरणका इन्जिनियर भागवतभक्त खोखालीले योजनागत विकास गर्ने अव्धारणा अनुसार ल्यान्डपुलिङ प्रणालीबाट शहरको निर्माण गर्न लागिएको बताउनुभयो।

'अहिले कन्सल्टेन्टले अध्ययन गरिरहेको छ', उहाँले भन्नुभयो- 'सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन पनि सँगसँगै भइरहेको, जग्गाको कित्ता, नापीको रेकर्ड अपडेट भइरहेको छ।'

हरेक शहरबासीलाई चाहिने सुविधा यही शहरभित्र हुनु पर्ने अवधारणा प्राधिकरणले ल्याएको इन्जिनियर खोखालीले बताउनुभयो। 'हामीले निर्माण गर्ने ४ वटै नयाँ शहरमा व्यक्तिलाई चाहिने हरेक सुविधा पाउन सकिने बनाउनु हाम्रो उद्देश्य हो', उहाँले भन्नुभयो- 'नयाँ बन्ने शहरमा एयरपोर्टबाहेक हरेक सुविधा पाउन सकिन्छ।'

यी ४ वटा शहरको बीच भागमा बाहिरी चक्रपथ सडक पर्दछ। ५ मिटरको फरकमा बसपार्क बन्छ। शहरको भित्र कुनाकुनामा जाने रुटमा साना सवारी माइक्रो जानेछन्। प्राइमरी स्कुलमा हिँडेर ५ मिनेटभित्र स्कुल पुग्न सक्ने, सेकेन्डरी स्कुलमा बच्चा हिँडेर १५ मिनेटमा स्कुल पुग्नुपर्ने अवधारणाअनुसार विकास गर्ने इन्जिनियर खोखालीले सुनाउनुभयो।

नयाँ शहरको हरेक १ किलोमिटरको दूरीमा खुला क्षेत्र बनाउने। त्यो खुला क्षेत्रको हरेक मिलनविन्दुमा प्रकोप व्यवस्थापन पार्क बन्नेछ। जहाँ विपद्का बेला जम्मा हुन सहज बन्नेछ र विपद्का बेला चाहिने हरेक सामग्री, खानेकुरा, औषधिदेखि हरेक वस्तु राखिएको हुन्छ।

### कहाँ बन्दैछन् नयाँ शहर ?

सरकारले काठमाडौं, भक्तपुर र ललितपुरको १ लाख ३० हजार रोपनीमा नयाँ शहर बनाउँदैछ। तीमध्ये ३ नयाँ शहर १० हजार रोपनी क्षेत्रफलका हुनेछन् भने एउटा नयाँ शहर भने १ लाख रोपनी क्षेत्रफलको हुनेछ।

काठमाडौंको गोठाटारमा रहेको क्रिकेट मैदान हुँदै भक्तपुरको तेलकोट, मध्यपुर थिमिसम्मको भू-भागलाई समेटेर १ लाख रोपनीमा एउटा स्मार्ट सिटी बन्नेछ। त्यस्तै, भक्तपुरको सूर्यविनायक हुँदै गुन्डु, बालकोटलगायत ललितपुर जोड्ने लामाटारसम्मको क्षेत्रलाई आधारमा मानेर १० हजार रोपनीमा अर्को स्मार्ट सिटी बन्नेछ।

त्यसैगरी ललितपुरको सैबु हुँदै भैसेपाटी, बुङमती, खोकना र बागमती नदीदेखि चोभार जोड्ने क्षेत्रलाई समेटेर १० हजार क्षेत्रफलमा अर्को स्मार्ट सिटी बन्नेछ। त्यसैगरी चक्रपथबाट टोखा जाने मूल सडकको ग्रिनल्याड चोकदेखि टोखा बजार हुँदै काभ्रेस्थली, महादेव खोलासम्मको १० हजार रोपनी जमिनमा पनि स्मार्ट सिटी बनाउने योजना बनेको छ। ५ लाख मानिस बसोबास गराउने लक्ष्यका साथ परिकल्पना गरिएको यस योजना सम्पन्न गर्न ५ सय अर्ब लागत अनुमान गरिएको छ।

### के हो स्मार्ट सिटी ?

संसारमा न्युयोर्क, फ्रेन्च सिटी, लन्डन, बार्सिलोना, सिंगापुर, पेरिस, बर्लिन, टोकियो र कोपनहेगनलगायतका शहर 'स्मार्ट सिटी' का रूपमा विकास भइसकेका छन्।

वास्तवमा 'स्मार्ट सिटी' भनेको त्यस्तो शहर हो, जहाँको भौतिक संरचना, दीर्घकालीन निर्माण, सञ्चार र बजार अत्याधुनिक हुन्छ। यसलाई पूर्ण व्यवस्थित शहरको रूपमा परिभाषित गरिन्छ। आधुनिक शहरमा आवश्यक पर्ने कुनै पनि विषय नछुटेको शहरलाई स्मार्ट सिटी भनिन्छ। यस्तो शहरमा सूचना प्रविधिलाई प्राथमिक पूर्वाधारका रूपमा राखिएको हुन्छ।

सामान्य बुझाइमा स्मार्ट सिटी अत्याधुनिक सुविधा सम्पन्न शहर हो। र, परिकल्पनाकै कुरा गर्ने हो भने त्यो सिटी स्वर्गजस्तै हुन्छ। जुन सिटीमा विश्वको नविनतम सूचना प्रविधिको प्रयोग गरिन्छ। र, आम नागरिकले सहज सेवा सुविधा पाउँछन्। त्यो, परम्परागत शहरभन्दा विल्कुल फरक र सुविधासम्पन्न हुने गर्दछ।

सरकारले उपत्यकाका ४ शहरलाई कालान्तरमा यस्तै सुविधानसम्पन्न बनाउने परिकल्पना गरेको छ। तर नेताका मीठा भाषण र पार्टीका घोषणापत्रले काठमाडौंको भित्री कोर स्थानलाई चाहिएकै भरमा स्मार्ट सिटी बन्ने अवस्था छैन।

'स्मार्ट सिटी नेताको जार्गन हो। काठमाडौंका भित्री भागमा नेताले बोलेअनुसार स्मार्ट सिटी बनाउन सम्भव छैन। कि शहर पूरै ध्वस्त पारेर नयाँ बनाउनुपऱ्यो नभए सम्भव त्यो सम्भव छैन' -प्राधिकरणका इन्जियिनर खोखालीले बताउनुभयो।

प्राधिकरणले बनाउन लागेका ४ शहर स्मार्ट सिटी नभएको र कालान्तरमा स्मार्ट सिटी बन्न सक्ने उहाँले बताउनुभयो। 'हामीले परिकल्पना गरेको शहर स्मार्ट सिटी होइन। स्याटलाइट सिटीअनुसारको नयाँ शहर हो। तर त्यो शहर नै कालान्तरमा गएर स्मार्ट सिटी बन्न सक्छ' -उहाँले भन्नुभयो।

स्मार्ट सिटी भन्नलाई व्यक्ति स्मार्ट हुनु पर्ने उहाँको धारणा छ। व्यक्तिलाई चाहिने हरेक सुविधा हातमा भएको मोबाइलमा १ क्लिक गरेको भरमा घरमै आउनु नै स्मार्ट सिटी रहेको उहाँको भनाइ छ।

### स्मार्ट सिटी बन्न के-के हुनुपर्छ ?

स्मार्ट सिटी बनाउन सबैभन्दा पहिला भौतिक संरचनाको विकास गर्नुपर्छ। भौतिक संरचनाको विकास गर्दा विश्वको नविनतम सूचना प्रविधिको प्रयोग अनिवार्य छ। स्मार्ट सिटीमा पर्याप्त खुला क्षेत्र व्यवस्थापन गर्नुपर्छ। पुराना शहरलाई नयाँ स्वरुप दिँदै जानुपर्छ। ती शहर अहिलेका परम्परागतभन्दा विल्कुलै सुविधासम्पन्न हुनुपर्छ। स्मार्ट सिटीका सबै बासिन्दाले रोजगारी पाउनुपर्छ।

स्मार्ट सिटीमा फराकिलो सडक, खाने पानीको उचित व्यवस्थापन, शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा व्यवस्था हुनुपर्छ। त्यति मात्र होइन, शहरका हरेक ठाउँमा स्वच्छ वातावारण हुनुपर्छ। समग्रमा भन्ने हो भने, सूचना प्रविधिको प्रयोग गरेर बनाइने धेरै सुविधासम्पन्न शहर नै स्मार्ट सिटी हो।

सुविधा सम्पन्न शहरको परिकल्पना र सुविधाको उपभोग गर्न पाउनु सबैको अधिकार हो। भौतिक सुखको परिकल्पना गर्ने हो भने प्रविधिको प्रयोगबिना सम्भव छैन। प्रविधिको प्रयोगमा कुनै नेपाली पछि पनि छैन। तर, प्रविधिको प्रयोग व्यवस्थित छैन। मानिसले व्यक्तिगत सुविधाका लागि कुनै न कुनै रूपमा प्रविधिको प्रयोग गरेको पाइन्छ। तर, सामूहिक सुविधाका लागि प्रविधिको उचित प्रयोग हुन सकेको छैन। त्यसैले, सरकारले विश्वका नविनतम प्रविधिको प्रयोग गर्दै आम नागरिकलाई सुविधा दिलाउन स्मार्ट सिटीको परिकल्पना गरेको हो।

# निर्माण क्षेत्रमा समयसापेक्ष सार्वजनिक खरिद ऐनको आवश्यकता

प्रशान्त वली

सार्वजनिक खदि ऐन-२०६३ र सार्वजनिक खरिद नियमावली-२०६४ (पाँचौं संशोधनसमेत) समय अनुकूल परिवर्तित नहुँदा त्यसको प्रत्यक्ष असर आफूहरुलाई परेको निर्माण व्यवसायी बताउँछन्। निर्माण व्यवसायी महासंघको तथ्याङ्कअनुसार देशभर १२ हजार ५ सय निर्माण व्यवसायी छन्।

उनीहरुले आफूहरुलाई दोष दिएर सरकार पानीमाथिको ओभानो बन्न खोजेको आरोप लगाएका छन्। सरकारले काम नगर्ने ठेकेदारहरुलाई पक्राउ गर्न आदेश दिएको छ। तर, निर्माण व्यवसायी भन्छन्- 'सर्वप्रथम त काम गर्ने वातावरण हुनुपऱ्यो नि। यदि काम गर्ने वातावरण सिर्जना भएर पनि काम नगरेको भए पो कारबाही गर्ने।'

अहिलेको खरिद ऐन निर्माण व्यवसायीलाई मात्रै दोष दिने प्रकृतिको रहेको व्यवसायीको आरोप छ। सरकारले टेन्डर खोलेर मात्रै नहुने भन्दै त्यस पश्चात्का प्रक्रियामा समेत सरकारी निकायको भूमिका हुन्छ। निर्माण व्यवसायी महासंघका अध्यक्ष विष्णुभाइ

श्रेष्ठ भन्नुहुन्छ- 'ऐन र नियमावली परिवर्तित र समयअनुकूल नहुँदा निर्माणका काम अधुरो भएका हुन्। हवाईजहाज खरिददेखि साइकल खरिदसम्मका कुराहरु नियमावलीभित्र पर्छन्। तर, सरकारले टेन्डर निकाल्ने मात्रै काम गर्छ। खोई योजनाको अनुगमन गरेको। टेन्डर आह्वान हुन्छ। काम गर्दा सरकारी निकाय नै बाधक बन्छ। अनि समयमा योजना सम्पन्न भएन भनेर गाली हामीमाथि तेर्स्याइन्छ।' निर्माण व्यवसायीले सरकारबाट ८० अर्ब रुपियाँ लिन बाँकी रहेको छ। सो रकम नदिँदा आफूहरु समस्यामा परेको निर्माण व्यवसायीको धारणा छ।

अर्थमन्त्री डा. युवराज खतिवडाले निर्माण व्यवसायीको रकम भुक्तानीका लागि केही दिनअघि पहल गर्ने प्रतिबद्धता जनाउनुभएको थियो। नेपाल निर्माण व्यवसायी महासंघको प्रतिनिधि मण्डलसँगको भेटमा अर्थमन्त्री खतिवडाले सम्बन्धित मन्त्रालय तथा विभागसँग समन्वय गरी व्यवसायीको रकम भुक्तानी गर्न पहल गर्ने बताउनुभएको हो। तर, महासंघले आफूहरुले सरकारबाट आश्वासन मात्रै पाएको जनाएको छ।

हेभी इक्युपमेन्टमा लाग्ने कर मिनाहा गरिदिनुपर्ने, निर्माण सामग्रीमा भइरहेको मूल्यवृद्धि, निर्माण सामग्रीको अभाव, व्यवसायी मैत्री ऐन कानुनको आवश्यकता, निर्माण कार्यमा सरकारी निकायबीचको समन्वय अभाव रहेको व्यवसायी बताउँछन्।

### ऐनमा के छ त ?

सार्वजनिक निकायले निर्माणकार्यको लागत अनुमान तयार गर्दा निर्माणसम्बन्धी पुरातात्त्विक उत्खननसम्बन्धी र सुरुङ खन्ने, डिप ट्युबबेल, पेट्रोलियम अनुसन्धान आदि जस्ता जमिनमुनि गरिने कार्यको नर्म्स भए त्यस्तो नर्म्सबमोजिम र त्यस्तो नर्म्स नभएको अवस्थामा आवश्यक नर्म्स तयार गरी त्यस्तो नर्म्स नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत गराई स्वीकृत नर्म्सबमोजिम लागत अनुमान तयार गर्नुपर्नेछ।

तर, त्यस्तो नर्म्सबमोजिम काम गर्दै जाँदा खास कामका लागि खास प्रकारको नर्म्स आवश्यक परेमा सम्बन्धित सार्वजनिक निकायको प्रमुखले त्यस्तो निकायको प्राविधिकबाट र त्यस्तो प्राविधिक नभए अन्य सार्वजनिक निकायका सम्बन्धित प्राविधिकबाट आवश्यक नर्म्स तयार गर्न लगाई त्यस्तो नर्म्स विभागीय प्रमुखबाट स्वीकृत गराउन सक्नेछ।

यसरी स्वीकृत भएको नर्म्स निर्माण व्यवसाय विकास परिषद्मा एक वर्षभित्र पठाउनु पर्नेछ। लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले मालसामान स्थलगतरूपमा उपलब्ध हुने वा नहुने अध्ययन गरी निर्माणकार्य सम्पन्न गर्न लाग्ने समयावधि किटान गर्नु पर्नेछ।

यस्तै, सार्वजनिक निकायले लागत अनुमान तयार गर्ने सिलसिलामा सिमेन्ट, फलामे डन्डी, इँटा, ढुंगा, माटो, कर्कट पाता विटुमिन तथा इमल्सन, इन्धन, पोलिथिन पाइप, जीआई पाइप, डीआई पाइप, स्यानिटरीका सामान, बिजुलीका सामान, जीआई वायर र यस्तै अन्य निर्माण सामग्रीको दर भाउ, मेसिन तथा उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा दर रेट निर्धारण समितिले तोकेको दर रेटको आधारमा निर्धारण गर्नु पर्नेछ।

तर, दर रेट निर्धारण समितिको दर रेट उपलब्ध नभएकोमा निर्माणस्थल नजिकैको सम्बन्धित सरकारी कार्यालय वा सरकारी स्वामित्व भएको संस्थान, प्राधिकरण, निगम वा यस्तै प्रकृतिका अन्य संस्थाले तोकेको दरभाउ वा उद्योग वाणिज्य संघले दिएको दरभाउ, भाडा वा ज्यालाका आधारमा निर्धारण गर्नु पर्नेछ। यस्तै, दरभाउ, भाडा वा ज्यालासमेत उपलब्ध हुन नसकेको अवस्थामा त्यस्तो दर रेट निर्धारण गर्दा विभागीय प्रमुखले तोकिदिएको दरभाउ, भाडा वा ज्यालाको आधारमा निर्धारण गर्नु पर्नेछ।

यसै गरी सार्वजनिक निकायले तयार भएको निर्माणकार्यको लागत अनुमान त्यस्तो लागत अनुमान तयार गर्ने प्राविधिक भन्दा एक तह माथिको प्राविधिक वा प्राविधिकको समूहलाई डिजाइन ड्इङसमेत जाँच्न लगाई कुनै त्रुटि देखिएमा त्यस्तो त्रुटि सच्याउन लगाउनु पर्नेछ। त्यस्तो निकायमा माथिल्लो तहको प्राविधिक नभएमा विभागीय प्रमुखले त्यस्तो लागत अनुमान जाँच्ने व्यवस्था मिलाइदिनुपर्ने उल्लेख छ।

### ऐनमा सबैको भूमिका उतिकै हुनुपर्छ : निर्माण व्यवसायी

ऐनमा निर्माण व्यवसायीको मात्रै भन्दा पनि सबै पक्षको भूमिका स्पष्ट पारिनुपर्ने उनीहरू बताउँछन्। ऐन संशोधन गर्दा निर्माण व्यवसायीलाई समेत सरोकारवाला पक्षका रूपमा छलफलमा सहभागी गराउनुपर्ने महासंघको भनाइ छ।

निर्माण व्यवसायीसँग कुनै सल्लाह नगरी व्यावसायिक हितविपरीत यस्तो संशोधन गरेको भन्दै उक्त संशोधन खारेज गर्नका लागि सरकारको ध्यानाकर्षण गराउँदै आएका छन्।



निर्माण व्यवसायी बलिभद्र राणा भन्नुहुन्छ- 'सार्वजनिक खरिद नीतिको अभाव हुँदा समस्या खड्किएको छ। सार्वजनिक खरिदलाई प्रतिस्पर्धी, भरपर्दो, विश्वासिलो, पारदर्शी बनाउनु सबैको दायित्व हुन्छ। यस विषयमा सरकार जिम्मेवार बन्नैपर्छ।'

निर्माण क्षेत्रसँग प्रत्यक्ष जोडिएको ऐनका रूपमा सार्वजनिक खरिद नियमावली-२०६४ लाई लिइन्छ। सार्वजनिक खरिद ऐनले सार्वजनिक खरिद विधिहरूको व्यवस्था ऐनमा नै गरी खरिद विधिलाई विधायिकी नियन्त्रणमा राखिएको छ। सार्वजनिक खरिदका सार्वमान्य सैद्धान्तिक र सारभूत पक्षहरूको व्यवस्था ऐनमा नै गरिएको र खरिदका कार्यविधिजन्य विषयहरूलाई व्यवस्थित गर्न कार्यपालिकालाई अधिकार प्रत्यायोजन गरिएको छ।

सार्वजनिक खरिद ऐनले खरिदसम्बन्धी कार्यविधि तयार गर्ने जिम्मेवारी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिएअनुरूप आवश्यक पर्ने बोलपत्रसम्बन्धी कागजात, पूर्वयोग्यतासम्बन्धी कागजात, खरिद सम्झौतासम्बन्धी कागजात, प्रस्ताव माग गर्नेसम्बन्धी कागजात तयार गरी जारी गरिएको पनि छ। सार्वजनिक खरिद ऐनले सार्वजनिक खरिदका लागि सार्वजनिक निकायको प्रमुखलाई नै जिम्मेवारी सुम्पेो कछ भने सार्वजनिक निकायले गरेको खरिद कार्यको नियम तथा अनुगमन गर्ने कार्य सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिएको छ।

साथै सार्वजनिक निकायले गरेको खरिदको प्रक्रियाउपर उजुरी तथा पुनरावेदन सुन्ने अधिकार सार्वजनिक खरिद पुनरावलोकन समितिलाई सुम्पेको छ भने खरिद सम्झौता विवाद उत्पन्न भएमा विवाद समाधान गर्ने संयन्त्रको समेत व्यवस्था गरिएको छ। सार्वजनिक खरिद ऐन संशोधनमा लाभग्राही समुदायबाट निर्माण कार्य गराउन सकिने, मौजुदा ६० लाख रकम वृद्धि गरी १ करोड पुऱ्याउने र उनीहरूले नै हेभी इक्विपमेन्ट प्रयोग गर्न पाउने व्यवस्था गरिएको छ।

यसअघि निर्माण व्यवसायीले पटक-पटक निर्माणकार्यको योग्यता निर्धारण गर्दा उस्तै प्रकृतिको कार्य अनुभव शून्य दशमलव ८० माग गर्ने गरिएकोमा सोलाई परिवर्तन गरी शून्य दशमलव ४० प्रतिशत योग्यता निर्धारण गर्नुपर्ने, निर्माण व्यवसायी फर्म कम्पनीहरूको कार्य अनुभव, प्राविधिक योग्यता, क्षमता, आर्थिक योग्यता र क्षमता, पुँजी स्वत: जोडिने गरी एक-अर्कामा मर्ज वा एक्विजिसन गर्न सकिने नीति लागू गर्न माग गरेका थिए। यस्तै निर्माणकार्यको बलबाटै १ दशमलव ५० प्रतिशत अग्रिम आयकर कट्टा गरी राजस्व बुझाइसकेपछि निर्माण व्यवसायीले आयव्यय विवरण बुझाउनु नपर्ने गरी स्वत: आयकर चुक्ता प्रमाणपत्र दिनुपर्ने व्यवस्था गरिनुपर्ने उनीहरुको माग छ।

प्रधानमन्त्री संरक्षक रहने गरी निर्माण व्यवसाय विकास परिषद् पुनर्गठन गरी सो परिषद्मा ५० प्रतिशत निर्माण व्यवसायी महासंघको प्रतिनिधित्व सुनिश्चित हुने व्यवस्था गर्न माग गरे पनि त्यसो हुन सकेको छैन।

### के हो सार्वजनिक खरिद ऐन ?

नेपालका सरकारी तथा सरकारी लगानी भएका संस्थाहरुको खरिदलाई व्यवस्थित तथा पारदर्शी बनाउनका लागि प्रतिनिधिसभाले २०६३ मंसिर ३० गते सार्वजनिक खरिद ऐन-२०६३ बनाएको हो। यस ऐनमा सार्वजनिक खरिदसम्बन्धी ७३ दफाहरू रहेका छन्। सार्वजनिक खरिद ऐन-२०६३ मा भएका दफाहरुलाई कार्यान्वयनमा सहजताका लागि २०६४ भदौ ३ गते सरकारले सार्वजनिक खरिद नियमावली-२०६४ तयार गरेको हो। सार्वजनिक खरिद नियमावली-२०६४ मा १५३ नियम रहेका छन्। नियमनकारी निकायका रूपमा सार्वजनिक खरिदको नियमन गर्न प्रधानमन्त्रीको मातहतमा रहने गरी २०६४ भदौ ३ गते सार्वजनिक खरिद अनुगमन कार्यालयको स्थापना गरिएको हो।

यस कार्यालयले विशेष गरी सार्वजनिक संस्थाहरूमा हुने खरिदमा असल सुशासन, खरिदमा भ्रष्टाचार भए/नभएको अनुगमन गर्ने तथा सार्वजनिक निकाय तथा आपूर्तिकर्ता ठेकेदार बीचको विश्वनीयता बढाउने उद्देश्यले खरिदको अनुगमन, सार्वजनिक खरिदका लागि आवश्यक पर्ने कागजातको ढाँचा तयार तथा सार्वजनिक खरिद सम्बन्धमा राय पत्रहरु जारी गर्ने कार्य गर्दछ।

सार्वजनिक खरिद ऐन व्यावहारिक नभएको निर्माण व्यवसायी महासंघका केन्द्रीय सदस्य दीपक गौतमले बताउनुभयो। उहाँले भन्नुभयो- 'देश विकेन्द्रिकृत भइसक्यो। यो अवस्थामा सार्वजनिक खरिद ऐन पनि परिवर्तित र समयअनुकूल हुनुपर्छ। त्यसका लागि सरोकारवाला बीच बृहत् अन्तरक्रिया आवश्यक छ।' सरोकारवाला भन्नाले कानुन बनाउने प्रतिनिधिसभा सदस्य, निर्माण व्यवसायी, तत्-तत् निकायका कर्मचारीका पदाधिकारी बीच अन्तरक्रिया गरेर कानुन अर्थात् ऐन पालना गर्ने प्रतिबद्धता अहिलेको आवश्यकता रहेको उहँको भनाइ छ। क्षमताअनुसार काम पाउने नियम बनाइनुपर्ने भन्दै सार्वजनिक खरिद ऐन संशोधन तत्काल गरिनुपर्ने निर्माण व्यवसायीको माग छ। निर्माण व्यवसायीलाई सक्षम बनाउने राज्यको दायित्व भएको भन्दै उनीहरुलाई त्रास दिने कामभन्दा पनि समन्वय गरेर सरकारले आफ्ना योजना अगाडि बढाए मात्रै चालू निर्माणका योजनाहरुले गति लिने बताइएको छ।

निर्माणका काम अधुरो रहनुको मुख्य जड ऐन नै रहेको भन्दै त्यसका लागि निर्माण व्यवसायीलाई दोष दिनेभन्दा पनि को दोषी स्पष्ट हुने कानुन बनाउनुपर्ने निर्माण व्यवसायीको जोड छ। व्यवसायी मैत्री ऐनको अभावमा व्यवसायीले राज्यप्रति जिम्मेवार भएर काम गर्न नसकेको भन्दै सरकार व्यवसायीका समस्याप्रति अनुदार रहेको निर्माण व्यवसायी बताउँछन्।

# विश्वका महँगा १० घर

रा म्रो घर बनाउने सबैको सपना हुन्छ। विश्वका अधिकांश मानिस एउटा राम्रो घर अनि आनन्द जीवनको परिकल्पना गर्छन्। कतिपय मानिसलाई घर आफूलाई सुरक्षित महसुस गराउने माध्यम हो भने कतिपयलाई आफ्नो वैभवता प्रस्तुत गर्ने माध्यम हो। यसका साथसाथै घर भनेको आफूलाई मन परेको म्युजियम पनि हो। कामको सिलसिलामा दिनभरिको दौडधूपपछिको थकान लिएर घर फर्किंदा घरको वातावरणले मेडिटेसनको काम गर्न सक्यो भने जीवन स्वतः स्वस्थ र रमाइलो हुने कुरा पक्का छ। धेरै मानिसलाई लागेको होला विश्वमा कस्ता घर छन् होला, त्यस्ता घरहरू कसरी बनाइएको होलान् भनेर। विश्वका महँगा घरप्रति धेरैको चासो हुने गरेको छ। विश्व चर्चामा आएका १० महँगा घर यस प्रकारका छन् :

## ३ एन्टिलिया, साउथ मुम्बई, भारत

मूल्य : १ बिलियन डलर

एन्टिलिया भारतको निकै नै चर्चित घरहरूमध्यको एक हो। ४० हजार वर्गफिटमा फैलिएको २७ तले एन्टिलियाका मालिक भारतीय अर्बपति मुकेस अम्बानी हुन्। सन् २००६ मा अम्बानीको परिवारले यो घर बनाउँदा १ अर्ब डलर खर्च भएको बताइएको छ। मुम्बईकै अग्लो घर एन्टिलियाको उचाइ १ सय ७३ मिटर छ भने यसमा २७ तला छन्। यो घरको स्याहारसम्भारका लागि ६ सय कर्मचारी राखिएको छ। मुम्बईको अल्टामाउन्ट रोडमा रहेको एन्टिलिया संसारको सबैभन्दा महँगो घरमध्ये एक हो। यस घरमा १ सय ६८ गाडी अटाउने ग्यारेज छ, एक बलरूम, ३ हेलिप्याड, बगैंचालगायतका विलाशी वस्तुहरु रहेका छन्। यसका साथ साथै एउटा मन्दिर, ५० जना अटाउने एक होम थिएटर, जिमसहितको अम्बानी निवासको छतमा स्विमिङ पुल रहेको छ।

## १ फिलिमोर गार्डेन्स, लन्डन

मूल्य : १ सय २८ मिलियन डलर

फिलिमोर गार्डेन लन्डनमा अवस्थित छ। पाँचतले यस घरको मालिक युक्रेनी विजनेस ओमेन एलिका फ्रान्चकको हुन्। यसमा एक जिम, सोना तथा सिनेमा थिएटरसमेत रहेको छ। पर्याप्त नेचुरल लाइट प्राप्त हुने यस घरका हरेक कोठा फराकिलो तथा अग्ला छन्। यस घरको एक तलामा उच्च सुविधासहितका बेडरूम बनाइएका छन्। उक्त तलामा दुई बाथरूम तथा एक ड्रेसिङ रूम पनि छन्। यसका साथै यस घरको भित्तामा विभिन्न हस्तकला राखिएको छ।







## ४ बेल एर स्पेक म्यानोर, लस एन्जलस

मूल्य : २ सय ५० मिलियन डलर

४५ हजार वर्ग फुटको आधारमा निर्मित बेल एअर स्पेक म्यानोरका मालिक ब्रूस माकोस्की हुन्। म्यानोरमा १२ बेडरूम, २१ बाथरूम, ३ किचेन, मसाज, स्पा तथा फिटनेस सेन्टर, वाइन कक्ष, होम थिएटर तथा ८५ फिट इन्फिनिटी स्विमिङ पुल रहेका छन्।



## ७ बकिङ्घम प्यालेस, लन्डन

मूल्यः १.५५ बिलियन डलर

सन् २०१८ को विश्वकै सबैभन्दा महँगा घरको सूचीमा बकिङ्घम प्यालेस पनि पर्न सफल भएको छ। बेलायतको राजदरबारस्र्पमा परिचित यो प्यालेस साँचिकै सुन्दर छ। सन् १७०३ मा निर्माण भएको यस भवन त्यहाँको पुरानो भवन भनेर पनि चिनिन्छ। यस प्यालेसमा ७ सय ७५ वटा रूम छ। यहाँ ५२ वटा बेडरूम, ८७ वटा बाथरूम छ भने २ सय ८८ वटा रूम अफिस र स्टाफका लागि प्रयोग गरिएको छ। वरिपरि खुला बगैंचा छ र राम्रा–राम्रा फूल फुलेको देख्दा आफ्ना सारा जीवन त्यहीं नै बिताइदिउँ कि जस्तो पनि लाग्ने गर्छ। त्यसैले यसलाई लन्डनमा निकै नै प्रख्यात मानिएको छ।



## ६ भिल्ला लियोपिल्डा, भिल्लाफ्रान्से सुर मोर, फ्रान्स

मूल्य : ७ सय ५० मिलियन डलर

यो घर बेल्जियमका राजा लियोपोल्डाको हो। यो घर विश्वकै सबैभन्दा ठूलो फ्रेन्च बङ्गलाको स्र्पमा परिचित छ। करिब २० हेक्कड जमिनमा फैलिएको यस घरबाट मेडिटेरियन समुन्द्रको सुन्दर दृश्य देख्न सकिन्छ। यो घरमा १९ वटा बेडरूम, मुभी थ्रियटर, बगैंचा, स्विमिङ पुल आदि रहेका छन्।



## ५ एलिसन स्टेट, क्यालिफोर्निया

मूल्य : २ सय ६० मिलियन डलर

द ओराकलका संस्थापक ल्यारी एलिसनको २३ हेक्टरमा फैलिएको एलिसन स्टेटको मूल्य २ सय ६० मिलियनभन्दा माथि रहेको छ। रियल स्टेटका व्यवसायी तथा संकलक ल्यारीद्वारा निर्मित यस घर जापानी स्टाइलमा बनाइएको छ। यसमा १० भवन, एक मानव निर्मित ताल, बाथ हाउस र सानो तलाउसमेत रहेको छ।



## ८ हाला रान्च एस्पेन, कोलोराडो

मूल्य : ८ सय २१ मिलियन डलर

५६ हजार वर्गफिटमा फैलिएको यस घरको मूल्य ८ सय २१ मिलियन डलर रहेको छ। घरका मालिक जोन पलसन हुन्। सन् २००६ मा साउदी अरेबियन राजकुमार बान्दार बिन सुल्तानले बेचेको यस घरमा १५ बेडरूम, १६ बाथरूम, ग्यास पम्प तथा उच्च प्रविधिको प्रयोग गरिएको छ।



## ९ दी पेन्ट हाउस, लन्डन

मूल्य : १ सय २५ मिलियन डलर

प्रतिस्पर्धामा रहेका अन्य महँगा घरभन्दा लन्डनमा रहेको पेन्ट हाउस निकै सानो छ। यद्यपी यहाँ प्रयोग गरिएको आन्तरिक निर्माण र सजावटका कारण पेन्ट हाउस यो वर्षको चौथो महँगो घरका स्र्पमा प्रसिद्ध हुन पुगेको छ। लन्डनको अत्यन्त प्रसिद्ध हाइड पार्कमा रहेको घरको सबभन्दा माथिल्लो फ्लाटमा अवस्थितिका कारणले पनि बस्न अत्यन्त विशेष घरका स्र्पमा वर्णन गरिन्छ। बुलेटप्रुफ सिसाको प्रयोग गरिएको यस घरमा २४सै घन्टा बेलायती सेनाको स्पेसल एअर सर्भिस (एसएएस) बाट तालिमप्राप्त व्यक्तिले सुरक्षा दिएका हुन्छन्। पेन्ट हाउसमा विश्वकै प्रसिद्ध मान्डारिन ओरियन्टल होटलबाट खानाको व्यवस्था गरिएको छ। यसमा आफ्नै बार तथा सानो गल्फ कोर्ससमेत छ।





## १० म्यान्सन डीएल एमिटी, फ्लोरिडा

मूल्य : ९ सय १३ मिलियन

पामको रूखका बीचमा रहेको म्यान्सन डीएल एमिटी फ्रेन्डसिप हाउसको स्र्पमा पनि परिचित छ। यस घरको पुरानो भर्सन एक रसियाली अर्बपतिले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबाट सन् २००८ मा किनेका थिए। समुन्द्री किनारमा रहेको यस म्यान्सनमा ८० गाडी अटाउने ग्यारेज, ३१ मिटर लामो स्विमिङ पुल, बुलेटप्रुफ झ्याल, २२ बेडरूम, ३ पाहुना कक्ष आदि रहेका छन्। यसको वरिपरि बगैंचा पनि छ।

# सबैको सपना

# सुन्दर घर सुखी परिवार




लगानी र परिश्रमअनुसारको प्रतिफल प्राप्त गर्नका निम्ति घरको आन्तरिक र बाह्य सजावट, वास्तुशास्त्रअनुसार घरको निर्माण, रङको छनोटलगायतका कुरामा ध्यान दिनुपर्छ। त्यो भएको स्थितिमा शास्त्रीय एवं आर्थिक दृष्टिकोणले पनि घर साँच्चिकै सुन्दर हुन्छ।

अपवादलाई छोड्ने हो भने जीवनमा एउटा सुन्दर घर होस् भन्ने आम मानिसको सपना हुन्छ। कतिपयको त्यो सपना पूरा हुन्छ भने कतिपयको हुँदैन। सपना पूरा हुनेको पनि केही आधारभूत कुरामा ध्यान नदिँदा अपूर्ण हुन्छ।

घर निर्माण गर्नु एउटा सपना हो भने घरमा सुन्दरता थप्नु अर्को महत्त्वपूर्ण कुरा हो। घरमा सुन्दरता थप्नका निम्ति धेरै लगानी गर्नु पनि पर्दैन। थोरै आइडिया लगाउने हो भने घरको सुन्दरता परिस्कृत हुन्छ। साथसाथै आफ्नो मेहनतले साकार रुप लिन्छ, परिवारमा सकारात्मक प्रभाव पनि पार्छ। त्यसैले घर बनाउँदा गुणस्तरीय सामग्रीको प्रयोग जति महत्त्वपूर्ण छ। निर्माण गरेपछि घरको सजावट पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ।

लगानी र परिश्रमअनुसारको प्रतिफल प्राप्त गर्नका निम्ति घरको आन्तरिक र बाह्य सजावट, वास्तुशास्त्रअनुसार घरको निर्माण, रङको छनोटलगायतका कुरामा ध्यान दिनुपर्छ। त्यो भएको स्थितिमा शास्त्रीय एवं आर्थिक दृष्टिकोणले पनि घर साँच्चिकै सुन्दर हुन्छ।

## सजावट कसरी गर्ने ?

घरको स्वरुप र कोठाको आकार हेरेर हामीले घरमा प्रयोग हुने फर्निचर सामग्रीको छनोट गर्नुपर्ने हुन्छ। जस्तो सानो कोठा छ भने फर्निचर रेडिमेट खरिद गर्नुभन्दा कोठाको आकार नापेर बनाउन दिँदा उपयुक्त हुन्छ। घरको प्रवेशद्वार या मूलढोका जहिले ठूलो राख्नुपर्छ।

**लिभिङ रुम :** लिभिङ रुम जहिले पनि अरू कोठाभन्दा ठूलो बनाउनुपर्छ। सकभर उज्यालो कोठालाई लिभिङ रुम बनाउनुपर्छ। चारै कुनामा विभिन्न फूल र गमलाले सजावट गर्नुपर्छ। भित्ताको आकारअनुसारको टेलिभिजन राख्नुपर्छ। भित्ताको बीच भागमा नापेर टेलिभिजनको सेटअप गर्नुपर्छ। अहिले टीभीको बक्स पनि पाइन्छ यसलाई प्रयोग गरेर टीभीको सेटअप गर्न सकिन्छ।

कोठाको रङ छनोटमा पनि ध्यान दिनुपर्छ सकेसम्म चम्किलो रङ प्रयोग गर्नुपर्छ जसले गर्दा कोठा उज्यालो देखिन्छ। साथै चारै कुनाको भित्तामा फरक-फरक रङको प्रयोग गर्दा राम्रो हुन्छ।

सोफा, टेबलको ग्याप राखेर सेटअप गर्नुपर्छ । जसले गर्दा कोठा छरितो देखिन्छ। साथै चम्किलो रङको सोफाको कपडा प्रयोग गर्नुपर्छ। कोठामा लाइटको पनि उपयुक्त छनोट गरेर राख्नुपर्छ। साथै यहाँको पर्दाको समेत रङ छनोटमा ध्यान दिनुपर्छ।

**किचेन :** घर सानो भएका कारण किचेन र डाइनिङलाई एउटै स्थानमा समेत व्यवस्थापन गर्नुपर्ने हुन्छ। डाइनिङ र किचेन सकेसम्म फरक ठाउँमा राख्दा राम्रो हुन्छ जसले गर्दा फराकिलो र राम्रो देखिन्छ। वास्तुशास्त्रीको सल्लाहबमोजिम किचेन र डाइनिङ व्यवस्थापन गर्नुपर्छ। परिवार संख्याका आधारमा डाइनिङको व्यवस्थापन गर्नुपर्ने हुन्छ।

किचेनमा वास्तुशास्त्रीको सल्लाहबमोजिम टायल प्रयोग गर्दा राम्रो हुन्छ। टायल प्रयोग गरेको अवस्थामा सफा गर्न र राम्रो देखिन्छ। डाइनिङ टेबल छनोट गर्दा घर्राको प्रयोग गर्न सके त्यसमा चम्चा, काँटाललगायत अन्य साना सामग्री राख्न सजिलो हुन्छ । चिम्नीको प्रयोग गर्नुपर्छ। सामान्यतया सानो कोठा भएको घरमा ओपन किचेन राख्दा राम्रो हुन्छ।

**बेडरुम :** वास्तुशास्त्रको सल्लाहबमोजिम बेड राख्नुपर्छ। मिलेसम्म वास्तुशास्त्रअनुसार बेड पूर्व दिशामा राख्नुपर्छ। दराजको व्यवस्थापन मिलाउनुपर्छ। ऐना राख्ने ठाउँसमेत उपयुक्त ठाउँमा राख्नुपर्छ। रुमको कुनै खाली भित्तामा ऐनाको प्रयोग गर्दा कोठा ठूलो देखाउन सहयोग गर्छ।

कार्पेट उपयुक्त रङको प्रयोग गर्दा जसले गर्दा पोजेजिभ भाइब्रेट हुने किसिमको हुनुपर्छ। ठूलो देखाउन र उज्यालो रङको प्रयोग गर्नुपर्छ तथा उज्यालो रङकै अन्य सामग्री प्रयोग गर्नुपर्छ।

बेड छनोट गर्दा समयअनुसार चलेको बेड छनोट गर्नुपर्छ। बेडलाई कोठाको बीचमा नराखी कुनै एक कुनामा राख्दा उपयुक्त हुन्छ।

कोठाका विभिन्न कुनालाई समेत प्रयोग गर्नुपर्छ जसले गर्दा खाली नदेखिएर सजावट गर्न सकिन्छ। बेडको कुनामा आकर्षक ढंगले सामान सजाउन सकिन्छ।

**फर्निचर :** बजारमा पाइने रेडिमेट सामग्रीभन्दा घरको र कोठाको आकार हेरेर सामान खरिद गर्नुपर्छ। योभन्दा राम्रो आफैंले फर्निचर बनाउन दिँदा राम्रो हुन्छ। यसरी विभिन्न उपाय अपनाएर कोठा या घर सजाउँदा आफ्नो दैनिक क्रियाकलाप सजिलो हुनुका साथै हेर्दा पनि आकर्षक देखिन्छ।

**भऱ्याङ :** बजारमा अहिले काठ, मेटल, आल्मोनियम सबैखालका भऱ्याङ पाइन्छ। भऱ्याङको आकारअनुसार कति सानो ठूलो हो त्यसअनुरुप भऱ्याङ राख्नुपर्छ। भऱ्याङको कुनामा गमला फूलले सजाउँदा राम्रो हुन्छ।

**बाथरुम :** सकेसम्म बाथरुम छरितो बनाउने प्रयास गर्नुपर्छ। जसले गर्दा सजिलो महसुस गर्न सकियोस्। धारा बजारको ट्रेन्डअनुरुपको राख्नुपर्छ। टायलको छनोट सफा देखिने खालको प्रयोग गर्नुपर्छ।

**आन्तरिक सजावट :** फर्निचरको पुनः संयोजन गलत तरिकाले राखिएका फर्निचरले घरलाई नसुहाउँदो देखिन्छ। कुर्सी, टेबल, डेक्स एवं सोफालाई भित्तामा राम्रोसँग राख्नुपर्छ । फर्निचर राख्दा गर्दा हिँड्डुल गर्न सहज किसिमबाट राख्नुपर्छ। घरमा धरै पाहुना हुँदा सहज हुने गरी फर्निचर व्यवस्थापन गर्नुपर्छ ।

फूल मानिसको धार्मिक र दैनिक जीवनमा समेत प्रत्यक्षरूपमा जोडिएको छ। सोचमा समेत सकारात्मक प्रभाव राख्ने हुँदा फूलको सजावट ताजा फूलले कोठा र घरको सौन्दर्य बढाउनुका साथै शरीर तथा मस्तिष्कलाई ताजा बनाउँछ। त्यसकारण फूललाई घरको कुनै ठाउँमा प्रयोग गरेर न्यानो स्वागतको अनुभव प्रदान गर्न सकिन्छ।

वास्तुशास्त्रीका अनुसार मास्टर बेडरुम घरको दक्षिण पश्चिममा कुनामा राख्नुपर्ने हुन्छ। यसमा विवाहितका लागि बैजनी रङ, हल्का रातो, हरियो रङ राम्रो मानिन्छ। हरियो र रातो रङ पनि राम्रो मानिन्छ। कालो र नीलो राम्रो मानिँदैन मास्टर बेडरुममा। अविवाहित विद्यार्थीका लागि सेतो र हल्का पर्पल रङ राम्रो मानिन्छ । सेतो सरस्वतीको प्रतीक भएकाले विद्यार्थीको लागि उपयुक्त मानिन्छ।

राशी अनुसार पर्दा र बेडसिटको प्रयोग पनि पाइन्छ । वास्तुमा मेष वृश्चिक राशीका लागि हल्का रातो र सेतो बुट्टा भएको राम्रो मानिन्छ। वृष र तुलाका लागि सेतो, मिथुन र कन्या हरियो, कर्कटलाई सेतो, मकर र कुम्भ नीलो वा हल्का उज्यालो रङ, मीन र धनुका लागि पहेलो रङ उपयुक्त मानिन्छ।

सिटिङरुममा ग्रे र रातो राम्रो रङ राम्रो र भित्तामा उज्यालो रङ उपयुक्त मानिन्छ। दिशाअनुसार रङ छनोट गर्नुपर्छ। उत्तरमा हरियो, दक्षिणमा बैजनी रङ, पश्चिममा पहेलो रङ र पूर्वमा रातो रङ राम्रो मानिन्छ। किचेनमा हरियो र बाथरुममा कालोबाहेक सबै रङ राम्रो मानिन्छ।

## वास्तुको महत्त्व

वास्तुशास्त्र प्राचीन विज्ञान हो, वास्तुशास्त्रको पालन गरी बनाइएका घरमा बस्दा सुख, शान्ति र समृद्धि प्राप्त हुने विश्वास छ। वास्तुशास्त्रले कुन चीजलाई कुन दिशामा राख्नु उपयुक्त हुन्छ र सकारात्मक ऊर्जाको प्रवाहमा व्यवधान गर्दैन भन्ने विषयमा सैद्धान्तिक व्याख्या गरेको छ।

पञ्चतत्त्वको मिश्रणबाट नै कुनै पनि संरचनाको निर्माण भएको हुन्छ र मानव शरीर पनि तिनै पृथ्वी, जल, वायु र आकाशबाट बनेको हुनाले नै वास्तु दोष हुने गर्दछ।

वैदिक कालमा यज्ञ तथा प्रकृति पूजा नै ज्ञानको आधार मानिन्थ्यो। वेदमा वास्तुशास्त्रका विषयमा संक्षिप्त परिचयमात्र पाइन्छ जहाँ पूरा प्रकृतिलाई नै वास्तु ब्रह्म भनी व्याख्या भएको छ। तर, सोही वेदको व्याख्याका रूपमा आएका उपनिषद् र पुराणमा वास्तु विषयले विस्तृत रूप लिइसकेको पाउन सकिन्छ।

आचार्य उग्रादित्यले कल्याणकारक नामक ग्रन्थमा 'तत्रादितो वेश्मविधानमेव, निगद्यते वास्तु विचारयुक्तम्।' अर्थात् भवनको निर्माण गर्दा सर्वप्रथम वास्तुशास्त्रीय दृष्टिले भूपरीक्षण र भवन निर्माण योजनाको विचार गर्नुपर्दछ भनी वास्तुशास्त्रका विषयमा लेख्नुभएको छ। त्यस्तै उमास्वामी आचार्यले श्रावकाचार काव्यको श्लोक नम्बर ११२ र ११३ मा वास्तुशास्त्रको सामान्य प्रयोगका विषयमा लेख्नुभएको छ :

पूर्वस्यां श्रीगृहं कार्य आग्नेयां तु महानसम्।
शयनं दक्षिणस्यां तु नैऋृत्यामायुधादिकम्।।
भुक्तिक्रिया पश्चिमस्यां वायव्ये धन संग्रहः।
उत्तरस्यां जलस्थानमैशान्यां देवसद्गृहम्।।

अर्थः उमास्वामी आचार्यद्वारा लिखित श्रावकाचार नामक पुस्तकमा पूर्व दिशामा शोभागृह, आग्नेय दिशामा भान्सा कोठा, दक्षिण दिशामा शयनकक्ष, नैऋत्य दिशामा आयुधशाला, पश्चिम दिशामा भोजनगृह, वायव्य दिशामा धन संग्रह, उत्तर दिशामा जलश्नान र ईशान दिशामा देवस्थान अर्थात् पूजाकोठा बनाउनुपर्दछ।



पूर्व : भवनको मूल ढोका, बरन्डा ढोका, झ्याल, शयनकक्ष, भण्डारणकक्ष

**पश्चिम :** भोजनकक्ष, शौचालय,

**उत्तर :** रिसेप्सन, पैसा राख्ने ठाउँ, बालबालिकाको शयन कोठा, पूजा कोठा, बैठक कोठा, उत्तर दिशाका जमिनको सतह केही अग्लो भएकालाई शुभ मानिन्छ।

**दक्षिण :** भारित वस्तु र धन सम्पत्तिको भण्डारण गर्नाले बढोत्तरी हुने विश्वास गरिन्छ। घरको दक्षिण दिशामा खुलापन खाल्डो वा शौचालय हुनु एकदमै नराम्रो मानिन्छ।

**दक्षिणपूर्व :** अग्निसँग सम्बन्धित कार्य, भान्सा कोठा, जेनेरेटर, ट्रान्सफर्मर, विद्युत् मिटर, संगीत वा नृत्य साधना कक्ष

**दक्षिण पश्चिम :** ओजनदार सामान भण्डारण, पानी ट्यांकी, सिँडी, मनोरञ्जन कक्ष

**उत्तर पश्चिम :** पाउना कोठा, गोठ, ग्यारेज

**उत्तरपूर्व :** शयनकक्ष, सभाकक्ष, पठनपाठनका लागि उपयुक्त, अध्ययन भवन, भूमिगत ट्यांकी

यजुर्वेदको स्थापत्य अध्यायअन्तर्गत वास्तुशास्त्रलाई दुई भागमा बाँडिएको छ- देवशिल्प र मानवशिल्प। देवशिल्पअन्तर्गत मठमन्दिर र यज्ञशाला आदि । धार्मिक संरचना निर्माण विधिका बारेमा उल्लेख गरिएको छ भने मानवशिल्पमा आवासीय भवनका विभिन्न कक्ष बनाउँदा ख्याल गर्नुपर्ने दिशा र कोणबारे सविस्तार उल्लेख छ। भूमि वास्तु, घरायसी वास्तु, व्यावसायिक वास्तु, धार्मिक वास्तु गरी वास्तुलाई ४ भागमा विभाजन गरिएको छ। वास्तुशास्त्रको पूर्वप्रयोग र विधि अपनाउँदा भौतिक संरचनाको निर्माण डिजाइन राम्रो नहुन सक्छ तर वास्तुशास्त्रमा उल्लेख भएझैं मासिसका लागि ध्रुवीय व्यवस्थापन महत्त्वपूर्ण रहने वास्तुशास्त्री बताउँछन्।

प्रासादो मण्डपश्चैव, विना शास्त्रेण यः कृतः।
विपरीतं विभागेषु, योऽन्यथा विनिवेशयेत्।।
विपरीतं फलं तस्य, अरिष्टं तु प्रजायते।
आयुर्नाशो मनस्तापः, पुत्रनाशः कुलक्षयः।।

यजुर्वेद, स्थापत्य अध्याय प्रथम श्लोक

अर्थ : शास्त्र प्रमाणको बिना यदि देवालय, मण्डप, घर, पसल, र व्यावसायिक भवनको निर्माण गर्दा त्यसले विपरीत फल दिन्छ, अरिष्ठ हुन्छ, आयुनाश, पुत्रनाश, धननाश, तथा कुलक्षयको सम्भावना रहन्छ।

वास्तुशास्त्रले घरको कुन भाग कस्तो हुन्छ भन्ने जानकारी दिन्छ। वास्तुशास्त्रमा ९ वटा दिशा हुन्छन् जसमा मध्य दिशा पनि एक हो। घर वा कार्यालयको बीच भागसँग व्यक्तिको गहिरो सम्बन्ध हुन्छ। विभिन्न दिशाले घरमा सकारात्मक तथा नकारात्मक ऊर्जा प्रवाह गरिरहेका हुन्छन्। वास्तुशास्त्रीले घर वा व्यावसायिक भवनको निर्माण गर्दा विभिन्न कक्षको गलत चयनले उत्पन्न हुने नकारात्मक ऊर्जाले पारिवारिक र व्यावसायिक उन्नतिमा बाधा पुऱ्याइरहेको हुन्छ।

दक्षिण दिशाको सम्बन्ध व्यक्तिको करियरसँग सम्बन्धित हुन्छ। घर अथवा अफिसको दक्षिण दिशामा रातो रङको प्रयोग उत्तम मानिन्छ। दक्षिण दिशालाई सफासुग्घर राख्न पनि उत्तिकै जरुरी छ। घरको दक्षिण पश्चिम दिशाको सम्बन्ध व्यक्तिको कुशलता, बुद्धिमता र ज्ञानसँग जोडिएको हुन्छ। साथै उक्त दिशा अध्ययन र शिक्षासँग पनि सम्बन्धित हुन्छ। घरको पश्चिम दिशा व्यक्तिको लगाव, परिवार र पारिवारिक सम्बन्धसँग जोडिएको छ। रङरोगन गर्दा घरको पश्चिम दिशामा सुनौलो, सिल्भर वा सेतो सङको प्रयोग गर्नुपर्छ। उत्तर पश्चिम दिशाको सम्बन्ध मानिसको धन र समृद्धिसँग जोडिएको हुन्छ। उत्तर दिशाले व्यक्तिको सामाजिक सम्मान र मानप्रतिष्ठासँग सम्बन्ध राख्दछ। उत्तर दिशामा गाडा हरियो रङको प्रयोग उत्तम मानिन्छ। उत्तर-पूर्व दिशासँग प्रेम, विवाह, पति पत्नी सम्बन्धजस्ता विषय जोडिएका हुन्छन्। पूर्व दिशाको सम्बन्ध बालबालिकासँग बढी सम्बन्धित हुन्छ। यस दिशाले उनीको सोच, पढाइ एवं स्वास्थ्य क्षेत्रलाई नियन्त्रण गर्दछ। यस दिशाका लागि बैजनी रङको प्रयोग उत्तम मानिन्छ। दक्षिण-पूर्व दिशा व्यक्तिगत जीवनसँग जोडिएका सहायक व्यक्तिसँग सम्बन्धित हुन्छ। आफन्त, इष्टमित्र, साथीभाइसँगको सम्बन्धलाई यस दिशाले प्रतिनिधित्व गर्छ।

आधुनिक यन्त्रको सहयताले भवन वा परिसरमा व्याप्त प्राकृतिक तथा मानव निर्मित वातावरणबाट उत्पन्न विद्युतीय र अन्य तरंगको प्रभावी अध्ययन पनि सम्भव भइसकेको छ। वास्तुशास्त्रको व्यवहारिकता र प्रयोगको विषय आफैंमा चुनौतीपूर्ण हो तर पनि हामी पूर्णरूपमा नकार्न पनि सक्दैनौं भने नकार्न पनि नहुने वास्तुशास्त्री बताउँछन्। यसर्थ घरको वातावरणले व्यक्तिको विचार र आचरणलाई असर गर्दछ भन्ने कुरा नै हामी वास्तुशास्त्रको सारांशका रूपमा लिन सक्छौं।

## कस्तो रङ छान्ने ?

रङले घरलाई आकर्षक बनाउने गर्छ, त्यसकारण घर बनाउँदा रङको छुट्टै महत्त्व छ। नेपाली समुदाय घरमा लगाउने रङका विषयमा धेरै सजग हुन थालेका छन्। ग्राहकको मागअनुरुप नेपाली बजारमा स्वदेशी तथा विदेशी कम्पनीका विभिन्न रङ उपलब्ध छन्।

नेपाली बजारमा एसियन, पशुपति, बर्जर, कन्साई नेरोल्याकलगायतका रङका ब्रान्ड उपलब्ध छन्। अनेक गुणस्तर तथा कलर भेराइटीका साथै मानव स्वास्थ्य र वातावरणका क्षेत्रमा कुन रङले कस्तो असर गर्छ भन्ने विषयमा ग्राहकलाई आफूले प्रयोग गर्ने रङको विषयमा जानकारी पाउन कठिन हुन्छ। नेपालमा उपलब्ध रङमा बाहिर तथा भित्र दुवै भागमा प्रिमियम, इकोनोमिक र रेगुलर गरी विभिन्न प्रकारका रङ उपलब्ध छन्। भित्ता रङगाउनुअघि लगाइने वालपुट्टी, प्राइमर, इमल्सन, डिस्टेम्पर आदि पनि रङकै उत्पादन हुन्। नेपालमा उत्पादन गर्ने पेन्टस्ले एक्स्टेरियर तथा इन्टेरियरमा स्पेसल इफेक्ट्स, उड फिनिस, इनामेल जस्ता कलर पनि उत्पादन गर्दै आएका छन्।

अहिले घरमा रङ लगाउने कुरामा धेरै मानिस सजग हुन थालेका छन्। केही अघिसम्म लाखौं खर्च गरेर घर निर्माण गर्नेहरू पनि वर्षौंसम्म घरमा रङ नलगाई बस्थे तर अहिले घर स्टिमेटको बजेटभित्रै रङका लागि पैसा छुट्याइन्छ। घरको लुक्स बढाउन कुन रङ प्रयोग गर्ने भन्ने विषयमा चासो दिन थालिएको छ। साथै किचनमा कस्तो रङ लगाउने, लिभिङ रुममा कुन रङ लगाउने, बेडरुममा कस्तोलगायतका इन्टेरियर कलरिङ विषयमा पनि मानिसले ध्यान दिने गर्छन्।

**बाहिरी रङ :** घरको बाहिरी रङले घरको सुन्दरताको व्याख्या गर्छ। तसर्थ, घरको रङ अरूको भन्दा फरक सबैलाई आकर्षित गर्ने खालको हुनपर्छ। साधारणतया घरको बाहिरी रङ मन्द खालको हुनुपर्छ। धेरै चम्किलो रङ खासै आकर्षित मानिँदैन।

**किचेनको रङ :** किचन भनेको घरको मुटु हो जहाँ परिवारका सदस्यहरूको बढी नै आवतजावत हुन्छ। हामी किचनमा धेरै समय बिताउँछौं। त्यसैले किचनमा आँखालाई बाधा नपर्ने रङ लगाउनुपर्छ। सकेसम्म इजी क्लिन रङ लगाउनु उपयुक्त हुन्छ किनभने किचन त्यस्तो ठाउँ हो। जहाँ पानी बढी खेलाइन्छ। भान्साका लागि पानीले पनि नबिगार्ने तथा सहजै सफा गर्न सकिने रङ फिट हुन्छ।

**बेडरुम :** बेडरुम त्यो ठाउँ हो जहाँ दिनभरिको थकान मेटाउन विश्राम गरिन्छ, बेड रुमले मानिसको रात्रि जीवनमा पनि प्रत्यक्ष सरोकार राख्ने भएकाले मानिसको स्वभावअनुसार प्रयोग गर्न सकिन्छ। यस्तो ठाउँमा मन शान्त हुने खालका लाइट ब्लु, लाइट पिंक वा अफ ह्वाइट रङ लगाउन सकिन्छ। बजारमा हालसालै देखापरेको सिल्क कलर बेडरुमका लागि उपयुक्त रङ हो।

**लिभिङ रुम :** लिभिङ रुम सबैभन्दा पहिले देखिने तथा व्यक्तिको पहिचान झल्किने कोठा हो। तसर्थ, यो अन्य कोठाभन्दा आकर्षित हुनुपर्छ। पर्याप्त प्रकाश आउने कोठा भएकाले यसमा सजावट गर्नुपर्ने अन्य सामग्री राख्न सकिन्छ। सुन्दर देखाउन ब्राइट कलर लगाउनु उपयुक्त हुन्छ। यसमा आफूलाई मन पर्नेगरी जुनसुकै उत्तम रङ छान्नु बुद्धिमानी हुन्छ। तर, भद्दा देखिने रङ भने लगाउनुहुँदैन।

## रङमा होसियार

स्वास्थ्य जानकारहरूका अनुसार सिल्कलगायतका उच्च गुणस्तरीय रङ छनोट गर्नुपर्छ। निर्माणाधीन अवस्थामै रहँदा रङ लगाउन खोज्नु उपयुक्त होइन। घर रङ्याउनुअघि आफ्नो क्षेत्र तयार छ कि छैन त्यसतर्फ केन्द्रित हुन जरुरी हुन्छ। रङ लगाइसकेपछि सुक्न पर्याप्त मात्रामा समय दिएको अवस्थामा मानव स्वास्थ्यमा नराम्रो असर पर्दैन।

त्यस्तै बजारमा उपलब्ध रङ स्वास्थ्यका लागि हानिकारक छ कि छैन ध्यान पुऱ्याउनुपर्छ। त्यस्तै बिग्रिएका, मक्किएका भित्ता मर्मत गरेर मात्र कलर गर्नुपर्छ।

## रङ र स्वास्थ्य

रङ उत्पादक कम्पनीले रङमा लिडको मात्रा क्रमिकरूपमा घटाउँदै लगेका छन्। घर रङ्याउँदा प्रयोग गरिने इनामेलमा उच्च मात्रामा लिड रहेको र यसले मानव स्वास्थ्यमा असर गर्ने भन्दै आलोचना हुन थालेपछि कम्पनीहरूले यसमा सावधानी अपनाउन थालेका छन्।

लिडलेसमा पनि सिल्क, इमल्सन, ड्राइ ग्लसलगायतका रङको प्रयोग उपयुक्त रहेको विज्ञहरूको सुझाव छ। नेपालमा रङ उत्पादन गर्ने उद्योगले ९९ पीपीएमभन्दा बढी लिड प्रयोग गर्न पाइँदैन। मापदण्डमा रहँदै अहिलेको अवस्थामा अधिकांशजसो रङ कम्पनीको रङमा योभन्दा बढी लिड पाइँदैन। सस्ता, कमसल तथा बढी लिड भएको रङ प्रयोगले वातावरण तथा मानव स्वास्थ्यमा प्रतिकूल असर पार्ने कुरालाई मध्यनजर गर्दै रङ उत्पादकले गुणस्तरीय रङ उत्पादन गर्न थालेका छन्।

केही रङमा भने ४ हजार पीपीएमसम्म लिड प्रयोग गरिएको मात्रा भेटिएको छ। यस विषयमा सर्वसाधारण सचेत हुन जरुरी छ। रङमा प्रयोग हुने लिडले सबैभन्दा धेरै असर बच्चाको बौद्धिक विकासमा पर्छ । लिडले श्वासप्रश्वासमा पनि असर गर्छ। उच्च लिडको प्रयागले पुरुषमा उच्च रक्तचाप, नपुंसकता तथा किड्नीमा समस्या ल्याउन सक्छ।

त्यस्तै महिलाको महिनावारी बिग्रने, गर्भ तुहिनेजस्ता समस्या देखिने गरेका छन्। लिड बढी भएको रङकै कारण विश्वमा वर्षमा ६ लाख बालबालिका बौद्धिकता अपांग हुने र १ लाख ४३ हजार बालबालिकाको मृत्यु हुने गरेको तथ्यांक छ । संसारका ६२ भन्दा बढी देशले रङको मापदण्ड पूरा गर्न सफल भए पनि नेपालमा उपलब्ध केही रङले सो मापदण्ड राख्न सकेका छैनन्। तसर्थ, घरमा लगाउन गुणस्तरीय रङ छनोट गरौं, स्वस्थ रहौं, वातावरण जोगाऔं।

घर रङ्याउने पारम्पारिक रङमा रातो माटो, कमेरो, कालीमाटी तथा पहेंलो माटोलगायत पर्दछन्। पम्परागतरूपमा घर सजाउन स्रोतबाट सफा तथा शुद्ध माटोलाई ल्याएर कम्तीमा १ रात भिजाउने गरिन्छ। यसरी भिजाइएको माटो नरम, तथा लिसाइलो बन्छ। प्रयोग गर्दा भित्तामा लगाई एक दिन सुक्न दिइन्छ। राम्रोसँग सुकेको माटो घरको भित्तामा लामो समयसम्म टिक्छ। यसरी लगाइएको माटो सफा स्रोतबाट भए स्वास्थ्यका दृष्टिले लाभदायक मानिन्छ।

## राष्ट्रिय गौरवका आयोजना

# किन हुँदैनन् समयमा सम्पन्न



सरकारले राष्ट्रिय गौरवका आयोजनालाई प्राथमिकतामा राखेर अघि बढ्ने योजना बनाएको छ। तर ती योजना उल्लेखनीयरुपमा अघि बढ्न सकेका छैनन्। जसकारण आयोजना सैद्धान्तिकरुपमा मात्रै सीमित त हुने होइन भनेर प्रश्न उठ्न थालेको छ। कुल २१ वटा राष्ट्रिय आयोजनामध्ये ११ वटाको ५० प्रतिशत काम पनि सम्पन्न हुन सकेको छैन। अहिलेसम्म ५० देखि ७९ प्रतिशतसम्म काम भएका आयोजनाको संख्या २ मात्र छ भने ७९ प्रतिशतभन्दा माथि काम भएका ७ आयोजना छन्। राष्ट्रिय दृष्टिले निकै महत्त्वपूर्ण देखिएका आयोजनालाई राष्ट्रिय गौरवका आयोजनाका रुपमा तोक्ने गरेको छ। सरकारले आफैंले तोकेको समयमा काम सम्पन्न गर्न नसकेपछि पटक-पटक म्याद थप्दै आयोजनालाई अघि बढाउने तयारी थालेको हो।

बजेट विनियोजन गरिए पनि आयोजना अघि बढाउनका लागि सो बजेट कार्यान्वयन हुन नसक्दा र कर्मचारीतन्त्र आयोजना सम्पन्न गर्न उदासीन देखिएको पाइएको छ। जसकारण आयोजना सोचेअनुरुप अघि बढ्न सकेका छैनन्।

२०७३ भित्र सम्पन्न गर्ने लक्ष्यले २०६७ साउनमा शुरू गरिएको ४ सय ५६ मेगावाट क्षमताको माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको कुल लागत ३५ अर्ब २९ करोड हुने शुरूको अनुमान थियो। जसमध्ये सरकारको तर्फबाट ४ अर्ब ७० करोड, आन्तरिक ऋणतर्फ २० अर्ब र शेयर लगानीमा १० अर्ब ५९ करोड रहने अपेक्षा गरिएको छ। बूढीगण्डकी जलविद्युत् आयोजना १२०० मेगावाट क्षमताको छ। देशको आर्थिक, सामाजिक रुपान्तरणका लागि आवश्यक विद्युतीय उर्जा उत्पादन गर्ने उद्देश्यसहित यो जलविद्युत् आयोजनाको स्थापना भएको हो। आयोजनाको कुल लागत २ अर्ब ५० करोड अनुमान गरिएको छ। आयोजनाको आव २०७१ र ७२ सम्मको भौतिक प्रगति करिब ०.५ प्रतिशत देखिन्छ।

त्यस्तै ७५० मेगावाट विद्युत् उत्पादन गर्ने अनुमान गरिएको पश्चिम सेती जलविद्युत् आयोजनाको सम्भाव्यता अध्ययन नै भइनसकेकाले यसको भौतिक तथा वित्तीय प्रगति प्राप्त हुन सकेको छैन। यो आयोजना प्राविधिक तथा आर्थिकरुपमा सम्भाव्य देखिएको भए पनि लगानीकर्ताले जग्गा प्राप्ति, प्रशारण लाइन र पुनर्वाससम्बन्धी समस्या औंल्याएका छन्। यी समस्या समाधानका लागि यस आयोजनामा थ्री गर्जेज कम्पनीले लगानी गर्ने गरी लगानी बोर्डमा काम भइरहेको छ।

गौतम बुद्ध विमानस्थललाई क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा स्तरोन्नति गर्ने र देशमा अर्को वैकल्पिक अन्तर्राष्ट्रिय विमानस्थल विकास गरी दिगो पर्यटन विकास गर्ने लक्ष्य राखिएको छ। अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा सञ्चालनमा ल्याई भगवान गौतम बुद्धको जन्मभूमि लुम्बिनीमा अन्तर्राष्ट्रिय जगत्बाट सोझै पहुँच पुऱ्याउने उद्देश्य यसमा रहेको छ। यस विमानस्थल निर्माणका लागि एसियाली विकास बैंकको ऋण तथा अनुदान, डिफिड को ऋण र नेपाल नागरिक उड्डयन प्राधिकरणको आर्थिक स्रोत परिचालन गरी उक्त विमानस्थल स्तरोन्नति गर्ने कार्य भइरहेको छ। यो आयोजना सन् २०१५ मा शुरू भएको र सन् २०१७ को डिसेम्बरमा सम्पन्न हुने अपेक्षा गरिएको छ। यसको कुल लागत ८ अर्ब ५६ करोड छ।

नेपालको पर्यटन क्षेत्रको विकास तथा विस्तारमा टेवा पुऱ्याउने उद्देश्यले पर्यटकीय नगरी पोखरामा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गरी मुलुकको पर्यटन क्षेत्रमा दिगो विकास हासिल गर्ने लक्ष्य लिइएको छ। यो आयोजनाको कुल लागत २१ अर्ब ६० करोड छ। नेपाल नागरिक उड्डयन प्राधिकरणले तयार गरेको लागत अनुमान र प्रारम्भिक अनुमानबीच अन्तर देखिएको छ।

देशमा वैकल्पिक अन्तर्राष्ट्रिय विमानस्थल निर्माण तथा सञ्चालनमार्फत दिगो पर्यटन विकास गर्ने लक्ष्य राखी बारामा दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माण आयोजना अघि बढाइएको छ। नेपालको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थल ज्यादै व्यस्त हुनुका साथै ठूला विमान अवतरणमा समेत कठिनाइ भइरहेको अवस्थामा सबै किसिमका विमान उडान र अवतरण हुनसक्ने अत्याधुनिक विमानस्थलको रुपमा प्रस्ताव गरिएको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल बाराले मुलुकको पर्यटकीय गतिविधि अभिवृद्धि गर्न महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।

मेलम्ची र मन्डन उपत्यका मुहान क्षेत्र रहेको यस मेलम्ची खानेपानी आयोजनाले ५ चरणमा गरी काठमाडौं उपत्यकाका करिब ३० लाख जनसंख्यालाई खानेपानी पुऱ्याउने लक्ष्य लिएको छ। यो आयोजनाले सिन्धुपाल्चोकको मेलम्चीबाट २६.५ किमी सुरुङमार्फत पहिलो चरणमा दैनिक १७ करोड लिटर खानेपानी आपूर्ति गराउने लक्ष्य लिएको छ। आव ०५८/५९ मा शुरू भई आव ०६४/६५ मा सम्पन्न गर्ने लक्ष्य रहेकामा तेस्रो पटक संशोधन गरी ०७३/७४ मा सम्पन्न गर्ने लक्ष्य लिइए पनि सो आयोजना ज्युका तिउ छ। यो आयोजनाको सन् २००८ को कुल लागत ३१ अर्ब ७३ करोड बाट सन् २०१४ मा ३५ अर्ब ५४ करोड पुगेको छ। यसको प्रगति ८४.४ प्रतिशत छ।

नेपालको मध्यपहाडी भू-भागका जिल्लालाई यातायात संजालमा जोड्ने उद्देश्यले पूर्वमा पाँचथरको चियो भन्ज्याङदेखि पश्चिममा बैतडीको झुलाघाटसम्म पुग्ने पुष्पलाल (मध्य पहाडी) लोकमार्ग आव ०६४र६५ देखि शुरू भएको हो। यो आयोजनाले मध्यपहाडअन्तर्गतका जिल्लाहरु भई पूर्व-पश्चिम यातायात सञ्चालन गर्दै पर्यटन, जलविद्युत्, कृषि तथा अन्य क्षेत्रको विकासमा टेवा पुऱ्याउने लक्ष्य लिएको छ। यो राजमार्गबाट पहाडी क्षेत्रका जिल्लालाई यातायात संजालमा जोडी उक्त क्षेत्रको आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यटकीय र शैक्षिक क्षेत्रको सन्तुलित विकास हुने अपेक्षा गरिएको छ।

आव ०७४/७५ मा सम्पन्न हुने अनुमान रहेको यस आयोजनाअन्तर्गत बन्ने लोकमार्गको कुल लम्बाइ १७ सय ७६ किमी रहेको छ। यस लोकमार्गमा ६८१ किमी सडक निर्माण गर्ने अनुमान गरिएको छ भने यही लोकमार्गले छुने गरी १० आधुनिक सहरको निर्माण गरिने योजना छ। यस आयोजनाको कुल लागत ३३ अर्ब ३७ करोड (पूर्वी खण्डको रु. १८९८ करोड र पश्चिम खण्डको रु. १४३९ करोड) रहने अनुमान छ। यसको प्रगति १९.७ प्रतिशत रहेको छ।

हुलाकी लोकमार्ग आयोजनाले तराई क्षेत्रका जिल्लामा सडक निर्माण र स्तरोन्नति गरी यातायात प्रणाली सुदृढीकरण गर्ने र त्यसमार्फत शिक्षा, स्वास्थ्यमा जनताको पहुँच पुऱ्याई कृषि, व्यापार, उद्योग र पर्यटनको विकास गरी जनताको जीवनस्तर उकास्ने उद्देश्य राखेको छ। यस आयोजनाको कार्यक्षेत्र नेपालको पूर्वदेखि पश्चिम तराई क्षेत्रको दक्षिणी भाग रहेको छ, जसले पूर्वमा झापा केचनादेखि पश्चिममा कञ्चनपुर दोधारा चाँदनीसम्मको भू-भाग ओगटेको छ। आयोजना क्षेत्रमा पर्ने भू-भागको आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यटकीय, शैक्षिक आदि समग्र क्षेत्रको सन्तुलित विकासका लागि यस आयोजनाले प्रभावकारी भूमिका खेल्ने देखिन्छ। यस आयोजनाको कुल लागत करिब २५ अर्ब लाग्ने अनुमान छ। यसको प्रगति २७.५ प्रतिशत छ।

रेल्वे तथा मेट्रो विकास आयोजनाले पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म कुल ९४६ किमी लामो रेलमार्ग निर्माण एवं सञ्चालनको लक्ष्य लिएको छ। पूर्व-पश्चिम रेलमार्ग नामाकरण गरिएको यस आयोजनाले कृषि, उद्योग, औषधिजन्य लगायतका उत्पादन एवं सुविधामूलक सेवा प्रदान गर्ने क्षेत्रको पहुँचमा सर्वसुलभता गराई देशको सामाजिक, आर्थिक पूर्वाधारको विकासमा सहयोग पुऱ्याउने उद्देश्य राखेको छ। सस्तो, भरपर्दो, सक्षम रेल सेवाको माध्यमबाट मानिसहरुको यात्रा एवं मालसामानको ढुवानी गरी मानिसको दैनिक जीवनस्तरमा सुधार गर्नमा यस आयोजनाले उल्लेखनीय भूमिका खेल्ने अपेक्षा गर्न सकिन्छ। यस आयोजनाको कुल लागत ६९ अर्ब ५२ करोड छ।

> रेल्वे तथा मेट्रो विकास आयोजनाले पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म कुल ९४६ किमी लामो रेलमार्ग निर्माण एवं सञ्चालनको लक्ष्य लिएको छ। पूर्व-पश्चिम रेलमार्ग नामाकरण गरिएको यस आयोजनाले कृषि, उद्योग, औषधिजन्य लगायतका उत्पादन एवं सुविधामूलक सेवा प्रदान गर्ने क्षेत्रको पहुँचमा सर्वसुलभता गराई देशको सामाजिक, आर्थिक पूर्वाधारको विकासमा सहयोग पुऱ्याउने उद्धेश्य राखेको छ।

उत्तर-दक्षिण (कोशी) लोकमार्ग आयोजनाले तेह्रथुम जिल्लाको वसन्तपुरदेखि मुलुकको उत्तरी सीमाना किमाथांकासम्मको १६२ किमी सडक निर्माण एवं स्तरोन्नति गर्ने लक्ष्य लिएको छ। आयोजनाको कुल लागत ७ अर्ब ५० करोड लाग्ने अनुमान गरिएको छ। उक्त १ सय ६२ किमी सडकमध्ये ५० किमीमा यातायात चालु छ। यसबाहेक ७७ किमी ग्राभेल सडक रहेको छ। उत्तर-दक्षिण (कालीगण्डकी कोरिडोर) लोकमार्ग आयोजनाले नवलपरासी, पाल्पा, तनहुँ, स्याङ्जा, गुल्मी, बाग्लुङ, पर्वत र म्याग्दी जिल्ला समेटेको छ। कुल लम्बाइ ४३५ किमी रहेको यो आयोजना आव २०६५/६६ मा शुरू भई २०७० मा सम्पन्न हुने अपेक्षा गरिएकामा पुनः आव २०७७/७८ मा सम्पन्न हुने गरी म्याद थपिएको छ। यो आयोजनामा कुल लागत रु. १० अर्ब लाग्ने अनुमान गरिएको छ। यसको प्रगति ४१.५ प्रतिशत रहेको छ।

बाँकेको सिक्टा सिंचाइ आयोजना कृषियोग्य जमिनमा वर्षैभरि सिंचाइ सेवा उपलब्ध गराउने उद्देश्यले सञ्चालित गरिएको हो। यो आयोजना नेपालगञ्ज उपमहानगरपालिका र कोहलपुर नगरपालिकासमेत गरी ४२ हजार ७ सय ६६ हेक्टर कृषियोग्य भूमिमा सिंचाइ सुविधा पुग्ने देखिन्छ। आयोजनाको शुरूको अनुमानित लागत १२ अर्ब ८० करोड रहेकामा हाल संशोधित भएर २५ अर्ब २ करोड पुगेको छ।

ऊर्जा, सिंचाइ, शहरी विकास र जलाधार संरक्षणलाई एकसाथ योगदान दिने उद्देश्यले कार्यान्वयन भइरहेको भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाको कार्यान्वयनस्थल मध्यपश्चिम विकास क्षेत्रको सुर्खेत, बर्दिया र बाँके जिल्ला छन्। सुर्खेत जिल्लाको छिन्चु-जाजरकोट सडक खण्डको चिप्ले भन्ने ठाउँमा करिब १५ मिटर अग्लो बाँध बाँधी भेरी नदीको ४० घनमिटर प्रतिसेकेन्ड पानीलाई चुरिया क्षेत्रमा पर्ने १२ किमी लामो सुरुङ, नेपालमै पहिलोपटक टनेल बोरिङ मेसिनमार्फत निर्माण गरी बबई नदीमा पानीको प्रवाह बढाउने कार्यक्रम रहेको छ। यसले पूर्व-पश्चिम राजमार्गको बबई नदीमा अवस्थित बाँधको उपयोग गर्दै बाँके र बर्दिया जिल्लाको करिब ५१ हजार हेक्टर भूमिमा बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध गराउने उद्देश्य राखेको छ। सिञ्चित क्षेत्रबाट प्रतिहेक्टर प्रतिवर्ष ७२ श्रम दिन बराबर रोजगारी सिर्जना भई गरिबी निवारणमासमेत टेवा पुऱ्याउने अनुमान छ। यो आयोजना आव ०६८ र ६९ मा शुरू भएको र आव २०७७/७८ मा सकिने अनुमान छ। यसको प्रगति ८१ प्रतिशत छ। आयोजनाको कुल लागत १६ अर्ब ४३ करोड अनुमान गरिएको छ।

भगवान गौतम बुद्धको पवित्र जन्मस्थललाई बौद्धमार्गी एवं शान्तिप्रेमी जनसमुदायको अन्तर्राष्ट्रिय केन्द्र निर्माण गर्ने लक्ष्यका लुम्बिनी क्षेत्र विकास कोष आयोजनाको सुरुआत गरिएको हो। भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनी तथा उहाँको जीवनसँग प्रत्यक्ष वा परोक्षरुपमा सम्बन्ध रहन गएका तिलौराकोट (प्राचीन कपिलवस्तु), गोटिहवा, निग्लीहवा, सग्रहवा, सिसनिया, अरौराकोट, कुदान (कपिलवस्तु), देवदह (रुपन्देही), रामग्राम (नवलपरासी) समेतका क्षेत्र र नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएका अन्य क्षेत्र लुम्बिनी विकासका क्षेत्रभित्र पर्दछन् र यी क्षेत्रको संरक्षण, सम्बर्द्धन तथा विकास गर्ने दायित्व लुम्बिनी विकास कोषको रहेको छ। विसं ०४२ देखि नै यो गुरुयोजनाको काम शुरू भएको हो। यो आयोजनाको कुल लागत ७ अर्बमध्ये नेपाल सरकारको स्रोतबाट ३ अर्ब र वैदेशिक अनुदान ४ अर्ब रहने अनुमान गरिएको छ।

राष्ट्रपति चुरे संरक्षण कार्यक्रम आयोजनाबाट एकीकृतरुपमा चुरेको पारिस्थितिकीय प्रणालीको दिगो व्यवस्थापन गर्दै माथिल्लो तटीय र तल्लो तटीय वातावरणीय अन्तरसम्बन्धबाट तराई र मधेश क्षेत्रको समेत संरक्षण हुने अनुमान रहेको छ। नेपाल सरकारको पूर्ण लगानीमा सञ्चालन हुने यो आयोजना ०६७ र ६८ बाट शुरू भएको र यसको कुल लागत १ सय १५ करोड रहने अपेक्षा गरिएको छ।

तसर्थ यी आयोजना पूरा गर्न सरकार, संघ, प्रदेश र स्थानीय तह दत्तचित्त भएर अघि बढ्नुपर्ने देखिन्छ। आयोजना सम्पन्न हुने हो भने देशको कुल ग्रार्हस्थ उत्पादनमा वृद्धिदेखि रोजगारीका अवसर र विकासका ढोका प्रशस्त मात्रामा खोल्नेछन्। यसका लागि सरोकारवाला निकाय जिम्मेवार भएर अघि बढ्नुपर्छ।







